कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल
फोनः ०१०-५४२०१८

प.सं. : २०७९।०८०
च.नं. :

## सेवा करारमा लिने सम्बन्धी संशोधित सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०७९/०८/२६)

प्रस्तुत विषयमा कालिका गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रहेका अस्पताल/स्वास्थ्य संस्थाहरु र गाउँ कार्यपालिकाको कार्यलायको लागि तपशिलमा उल्लेखित पदहरु खुला प्रतियोगिताबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले ७(सात) दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्न सम्बन्धि सार्वजनिक सूचना प्रकाशन गरिएकोमा कालिका गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि २०७५ बमोजिम १५ दिने सूचना प्रकाशन गर्नुपर्नेमा अन्यथा भएकोले थप ८ {आठ} दिन म्याद थप गरी यो संशोधित सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

| सि. नं. | पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | मेडिकल अधिकृत | अधिकृत आठौं | १(एक) | |
| २. | सूचना प्रविधि अधिकृत | अधिकृत छैटौं | १(एक) | |
| ३. | नेत्र सहायक | सहायक पाँचौं | १(एक) | |
| ४. | डेन्टल हाइजेनिष्ट | सहायक पाँचौं | १(एक) | |
| ५. | अ.न.मी | सहायक चौथो | १(एक) | |

१. आवश्यक न्युनतम शैक्षिक योग्यता र अनुभव

अ. मेडिकल अधिकृत(स्वास्थ्य जनरल हेल्थ सर्भिसेज)

क. मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उर्तिण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको र अल्ट्रासाउण्ड सम्बन्धी अनुभव वा तालिम भएको ।

ख. दरखास्त दिने अन्तिम मितिमा कम्तिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

आ. सूचना प्रविधि अधिकृत

क. लोक सेवा आयोगले लिने कम्प्यूटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक(BIT, BIM, BBIS, BCA, BCIS, BEIT, Bsc.IT, Bsc.CSIT, BE. Electronics & Communication Engineering BTech. Electronics & Communication engineering उत्तिर्ण गरेको हुनुपर्ने ।

ख. दरखास्त दिने अन्तिम मितिमा कम्तिमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

इ. नेत्र सहायक

क. मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Opthalmic Scince(तीन वर्षे) उत्तिर्ण गरेको र नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनुपर्ने।

ख. दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

०७९।०८।२६
प्रमुख प्रशासकीय अधिकृत

कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ, रसुवा

बागमती प्रदेश, नेपाल

फोन: ०१०-५४२०९८

प.सं. : २०७९।०८०

च.नं. :

कालिका गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धैबुङ, रसुवा बागमती प्रदेश, नेपाल २०७३

ई. डेन्टल हाइजिनिष्ट

क. मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Dental Higenist(तीन वर्षे) उत्तिर्ण गरेको र नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनुपर्ने।

ख. दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

उ. अ.न.मी

क. मान्यता प्राप्त शिक्षण संस्थाबाट १८ महिने अ.न.मी कोर्ष उत्तिर्ण गरेको र नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको हुनुपर्ने।

ख. दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थानः-** कालिका गाउँ कार्यपालिकाको कार्यालय, धैबुङ, रसुवा ।

३. **आवेदन दिने अन्तिम मितिः-** यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन ।

४. **परीक्षा दस्तुरः** अधिकृतस्तरलाई रु. १५००(एक हजार पाँच सय मात्र) र सहायकस्तरको रु १००० ( एक हजार मात्र)

५. **छनौटको किसिमः-** अन्तरवार्ता ।

६. **आवेदनका साथमा संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहायका कागजातको प्रतिलिपी हरु

क) नागरिकता

ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग) चारित्रिक प्रमाण पत्र

घ)तालिमको प्रमाणपत्र

ङ) काम संग सम्बन्धित अनुभव भए सो को कागजात

च) २ प्रति फोटो

**थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।**

(शितल बहादुर रावल)

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत